**सर्वोच्च अदालत, संयुक्त इजलास**

**माननीय न्यायाधीश श्री दीपक कुमार कार्की**

**माननीय न्यायाधीश श्री हरि प्रसाद फुयाल**

**आदेश**

०७६-WO-०९४५

**विषयः उत्प्रेषण समेत।**

अधिवक्ता मणिराम उपाध्याय समेत------------------------------------------------ निवेदक

**विरुद्ध**

प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय समेत---------------------------------- विपक्षी

अन्तरिम आदेश छलफलका लागि पेश हुन आएको प्रस्तुत रिट निवेदन सहितको मिसिल अध्ययन गरियो। रिट निवेदकको तर्फबाट उपस्थित हुनु भएका विद्वान अधिवक्ताहरु श्री मणिराम उपाध्याय, श्री पदम बहादुर श्रेष्ठ, श्री विकास भट्टराई, श्री विष्णु प्रसाद भण्डारी , श्री सन्तोष भण्डारी, श्री लक्ष्मी नानी थापा, श्री कमल कोइराला, श्री कीर्तिनाथ शर्मा, श्री पुरुषोत्तम अर्याल, श्री धर्मराज खनाल, श्री पुष्पराज पौडेल, श्री युद्धमान महर्जन, श्री पारसमणि भट्टराई, श्री सुवास विश्वकर्मा र श्री सुनिल महर्जनले बहस प्रस्तुत गर्नु भयो। त्यस्तै विपक्षी प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय समेतको तर्फबाट उपस्थित हुनु भएका सह न्यायाधिवक्ता श्री संजीवराज रेग्मीले गर्नु भएको वहस समेत सुनियो।

यसमा रिट निवेदकहरुले विदेशबाट फलफूल तथा तरकारीहरु चेकजाँच परिक्षण विना निर्वाध रुपले नेपाल भित्र प्रवेश भइ रहेकोले सो कार्य नगर्नु नगराउनु भनी विपक्षीहरुको नाउँमा अन्तरिम आदेश जारी गरी पाउँ भन्ने माग गरेको भएतापनि सो सम्वन्धमा विचार गर्दा नेपालको संविधानको धारा १६, ३६ तथा ४४ समेतले प्रत्याभूत

गरेको अधिकार संरक्षण गर्ने प्रयोजनको निमित्त भारत लगायत अन्य देशहरुबाट आयात हुने फलफूल तथा तरकारी जस्ता बस्तुहरुमा पाइने विषादि तथा COVID-19 को उपलब्ध भएसम्मका परीक्षण सुविधा प्रयोग गरी मात्र आयात गर्नु । साथै आन्तरिक रुपमै उत्पादन भएका फलफूल तथा तरकारीहरुको विषादि तथा COVID-19 को समेत उपलब्ध भएसम्मका परीक्षण सुविधा प्रयोग गरी वितरणको व्यवस्था गर्नु । उपभोक्ता संरक्षण ऐन, २०७५ को दफा ३१ समेतको अधिकार प्रयोग गरी उपभोक्तासम्म पुग्ने गरी उत्पादक तथा उत्पादन स्थलहरुबाट उपभोक्तासम्म वितरणको व्यवस्था गर्नु गराउनु भनी सर्वोच्च अदालत नियमावली २०७४ को नियम ४९ बमोजिम विपक्षीहरुका नाममा अन्तरिम आदेश जारी गरि दिएको छ। सो को जानकारी विपक्षीहरुलाई दिइ नियमानुसार गर्नु।

न्यायाधीश

न्यायाधीश

इति संवत् २०७७जेष्ठ ४ गते रोज १ शुभम्------------------।